कार्यपालिका बैठकः३

## मितिः२०८२ साल साउन ३० गते शुक्रबार
## कार्यपालिकाका निर्णयहरु

<table>
<tr><th>क्र.सं.</th><th>प्रस्ताव</th><th>निर्णय</th></tr>
<tr><td>१</td><td>समिक्षा सम्बन्धमा</td><td>अघिल्लो बैठकबाट भएका निर्णय अधिकाँश कार्यान्वयन भएको पाइयो।</td></tr>
<tr><td>२</td><td>घरभाडा सम्झौता सम्बन्धमा</td><td>कनकाई नगरपालिका अन्तर्गत संचालनमा रहेका तपशीलका वडा कार्यालय तथा अन्य कार्यालयको घर भाडा सम्झौता गर्ने
<table>
<tr><th>सि.नं.</th><th>कार्यालय</th><th>ठेगाना</th></tr>
<tr><td>१</td><td>१ नं आधारभूत स्वास्थ्य सेवा केन्द्र</td><td>कनपा-१ झापा</td></tr>
<tr><td>२</td><td>पशुपन्छी तथा मत्स्य विकास शाखा</td><td>कनपा-३ झापा</td></tr>
<tr><td>३</td><td>आधारभूत स्वास्थ्य सेवा केन्द्र</td><td>कनपा-८ झापा</td></tr>
<tr><td>४</td><td>सिलाई कटाइको कार्यालय</td><td>कनपा -३ झापा</td></tr>
<tr><td>५</td><td>नगरपालिकाको क्वाटर</td><td>कनपा-३ झापा</td></tr>
<tr><td>६</td><td>महिला फुटबल खेलाडीका लागि आवास</td><td>कनपा-३ झापा</td></tr>
</table></td></tr>
<tr><td>३</td><td>बहुउद्देश्य भवन निर्माण सम्बन्धमा।</td><td>कनकाई नगरपालिका वडा नं. ३ सुरुङ्गा बजारमा निर्माणका लागि यस अघि, प्रकृया अगाडी बढाइएको बहुउद्देशीय भवनको डि.पि.आर सुधार माटो परिक्षण र प्रारम्भिक वातावरणीय अध्ययन लगायतका कार्य अगाडि बढाउने।</td></tr>
<tr><td>४</td><td>पारिश्रमिक परिमार्जन सम्बन्धमा।</td><td>कनकाई नगरपालिका र अन्तरगतका वडा कार्यालयमा कार्यरत कार्यालय सहयोगीहरुको मासिक तलब न्युन भएकोले परिमार्जन गरी पाउ भनि कार्यालय सहयोगीबाट माग भइ आएकोले २०८२ साउन देखि लागु हने गरी नेपाल सरकारले उपलब्ध गराएको तलव स्केल बराबर तलब स्केल उपलब्ध गराउने।</td></tr>
<tr><td>५</td><td>नागरिक आरोग्य केन्द्र सम्बन्धमा</td><td>कनकाई नगरपालिका वडा नं. १ मा रहेको नागरिक आरोग्य केन्द्रलाई कनकाई नगरपालिका नजिक घरभाडामा लिइ स्थानान्तरण गरी संचालन गर्ने।</td></tr>
<tr><td>६</td><td>सन्का खोलमा पुल निर्माण सम्बन्धमा।</td><td>कनकाई नगरपालिकालाई आर्थिक वर्ष २०८२।०८३ मा संघीय सरकारबाट हस्तान्तरित विशेष अनुदान अन्तर्गत विनियोजित जामुनबारी चोकबाट बायोग्यास प्लान्टसम्म जाने पूर्वाधार निर्माणको कार्य अन्तर्गत वडा नं. २ को सन्काहा खोलामा पुल निर्माणको कार्य प्रकृया अगाडि बढाउने।</td></tr>
<tr><td>७</td><td>कार्यविधि स्वीकृती सम्बन्धमा</td><td>सुरक्षित आप्रवासन आपतकालिन कोष व्यवस्थापन तथा संचालन निर्देशिका २०८२ स्वीकृत गर्ने।</td></tr>
<tr><td>८</td><td>आपतकालीन कोष स्वीकृती सम्बन्धमा।</td><td>सुरक्षित आप्रवासन एवं जीविकोपार्जन उत्थान सम्बन्धी कार्यविधि २०८२ स्वीकृत गर्ने।</td></tr>
<tr><td>९</td><td>बेरुजु सम्बन्धमा।</td><td>कनकाई नगरपालिकामा महालेखा परिक्षक कार्यालयबाट प्राप्त लेखा परिक्षण प्रतिवेदन बमोजिम औल्याएका बेरुजु असुल उपरका लागि सम्बन्धित संस्था, व्यक्ति तथा निर्माण व्यवसायीहरुलाई पत्राचार गरि बेरुजु फछर्यौटका लागि ताकेता गर्ने।</td></tr>
<tr><td>१०</td><td>आर्थिक सहयोग सम्बन्धमा।</td><td>कनकाई नगरपालिकाका वडा नं. ६ वडा सदस्य श्री अर्जुन राजवंशीको हात भाँचिएर अप्रेशन गराउँदा लागेको खर्च स्वरुप रु ५००००। अक्षरुपी पचास हजार उपचार खर्च उपलब्ध गराउने।</td></tr>
<tr><td>११</td><td>चुल्लो वितरण सम्बन्धमा।</td><td>कनकाई नगरपालिका वितरण गर्न बाकी रहेको इन्डक्सन चुलो र सुधारिएको चुलो वडागत रुपमा तपशील बमोजिम वितरण गर्ने ।<br>तपशीलः<br>सुधारिएको चुलोः प्रति वडा १६ वटा<br>इन्डक्सन चुलोः प्रति वडा ८ वटा</td></tr>
<tr><td>१२</td><td>सवारी मर्मत सम्बन्धमा।</td><td>यस कनकाई नगरपालिकाको नाममा दर्ता कायम रहेको सवारी प्र १-०१-००१ झ- २१९ सवारी ईलाका प्रहरी कार्यालय सुरुङ्गालाई हस्तान्तरण गरिएकोमा उक्त सवारी साधन बिग्रीएकाले सो सवारी मर्मतका लागि प्राविधिकको लागत अनुमान बमोजिम रकम रु. ९९,३२७।- बराबरको संस्थागत सहयोग शिर्षकको शिर्षक नं. ४ बाट हुने गरी सवारी मर्मत गर्ने।</td></tr>
</table>

२०८२/५/१९

नारायण न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत

कार्यपालिका बैठकः३

मितिः२०८२ साल साउन ३० गते शुक्रबार
कार्यपालिकाका निर्णयहरु

| | | |
|---|---|---|
| १३ | अख्तियारी सम्बन्धमा। | वादी शिवमाया उप्रेती प्रतिवादी कनकाई नगरपालिका, कनकाई नगरपालिकाका नगर प्रमुख, उप प्रमुख, कनकाई नगरपालिका वडा नं. ५ को कार्यालय, कनकाई नगरपालिका वडा नं. ५ का वडाध्यक्ष, समेत भइ श्री उच्च अदालत विराटनगर, ईलाम इजलास, ईलाममा दायर भएको अन्तरिम आदेश सहितको निषेधाज्ञायुक्त परमादेश लगायत आज्ञा आदेश वा पुर्जी जारी पाउँ (मुद्दा नं. ०८१-WO-०१०४) मुद्दाको म्याद मिति २०८२/०३/२३ मा प्राप्त भएकाले उक्त मुद्दामा यस कनकाई नगरपालिकाका तर्फबाट उच्च अदालत विराटनगर, ईलाम इजलास, ईलाममा उपस्थित भई बहस पैरवी गर्न, कानुन व्यवसायी नियुक्त गर्न, वारेस नियुक्त गर्न, निवेदन दर्ता गर्न, मिलापत्र गर्न लगायतका मुद्दा तथा मुद्दाको फैसला कार्यान्वयन सम्बन्धि अन्य सम्पूर्ण काम कारबाही गर्नका लागि यस कनकाई नगरपालिकाका कानुन अधिकृत श्री भुपेन्द्र बस्नेतलाई अख्तियारी प्रदान गर्ने। |

२०८२/५/१

नारायण न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत